## कांग्रेस केन्द्रीय समितिको निष्कर्ष

# सरकार अराजक बन्दै छ

रमेश सापकोटा/नयाँ पत्रिका
काठमाडौं, २१ मंसिर

प्रमुख प्रतिपक्षी दल कांग्रेसले सरकारले देशभरका स्थानीय तहमा अराजकता निम्त्याउन लागेको भन्दै आपत्ति जनाएको छ। शुक्रबार बसेको केन्द्रीय समिति बैठकले प्रधानमन्त्री केपी ओलीकै निर्वाचन क्षेत्रमा रहेको स्थानीय तहमा नगर प्रमुखको सहमतिबेगर उपप्रमुखको अध्यक्षतामा बैठक बसेर कार्यविधि पारित गरेकोप्रति कांग्रेसले आपत्ति जनाएको हो।

'झापाको गौरादह नगरपालिकामा भएको घटना प्रधानमन्त्रीको जानकारीभन्दा बाहिर हुन सक्दैन। नगरपालिकाका प्रमुखको सहमतिबेगर उपप्रमुखको अध्यक्षतामा नगरपालिका बोर्डको बैठक बसी कतिपय कार्यविधि पारित गरिनु स्थानीय सरकार सञ्चालन ऐन ०७४ ले निर्धारित गरेको प्रक्रियाविपरीत छ,' कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले जारी गरेको विज्ञप्तिमा उल्लेख छ, 'संघीयताको मर्मविपरीतको यो घटनालाई केवल एउटा घटनाका रूपमा मात्रै सामान्य रूपमा लिएर नजरअन्दाज गर्ने हो भने आगामी दिनमा यसले प्रवृत्तिको रूप लिएर देशव्यापी रूपमा स्थानीय सरकारहरूमा अराजकताको विकास र विस्तार हुने विषयप्रति हामी खबरदारी गर्न चाहन्छौँ।'

### ओलीको बोलीको विरोध

बैठकले एक आइएनजिओको कार्यक्रममा सरकारको विवादास्पद सहआयोजन एवं प्रधानमन्त्रीले पुरस्कार ग्रहण गरेको विवादास्पद सन्दर्भमा प्रधानमन्त्रीले दिएको अभिव्यक्तिप्रति आपत्ति जनाएको छ। 'सार्वजनिक रूपमा उठेको प्रश्नमा 'आफूले जवाफ दिए बुद्धिजीवी थला पर्ने' प्रधानमन्त्रीले प्रयोग गर्नुभएको वाक्यांश र चेतावनीको शैलीमा अभिव्यक्ति अधिकारलाई कुण्ठित गर्ने ढंगले राख्नुभएका शब्दहरू संविधानको धारा १७ को उपधारा २ को 'क'ले निर्दिष्ट गरेको प्रत्येक 'नागरिकलाई विचार र अभिव्यक्ति स्वतन्त्रता' हुनेछ भन्ने शब्द, भावना र मर्मको बिल्कुलै विरुद्धमा छ,' विज्ञप्तिमा उल्लेख छ, 'आफ्नो पदीय गरिमाको हेक्का राख्न यो बैठक प्रधानमन्त्रीलाई सचेत गराउन चाहन्छ।'

### केन्द्रीय समिति बैठक जारी

शुक्रबारसम्म आठौँ दिन जारी बैठक शनिबार पनि बस्दैछ। शुक्रबारको बैठकमा गोपालमान श्रेष्ठ, प्रकाशमान सिंह, दीपक गिरी, अजयकुमार चौरसिया, किशोरसिंह राठौर, मोहनबहादुर बस्नेत, आमन्त्रित सदस्य आनन्द विष्ट र विधान संशोधन मस्यौदा समितिका स्थायी आमन्त्रित सदस्य अमरसिंह पुनले धारणा राखेका थिए। विधानमाथिको छलफल शनिबार पनि चल्ने र आइतबार मात्रै राजनीतिक प्रस्ताव बैठकमा प्रस्तुत हुने जानकारी प्रवक्ता शर्माले दिए। 'राजनीतिक प्रस्ताव समितिको अन्तिम बैठक आइतबार दिउँसो २ बजे मात्रै डाकिएको छ,' शर्माले भने, 'सम्भवतः त्यसपछि मात्रै राजनीतिक प्रस्ताव आउँछ।' यी सबै प्रस्तावहरू केन्द्रीय समितिबाट पारित भएपछि २८ मंसिरदेखि काठमाडौंमा कांग्रेसको महासमिति बैठक बस्दै छ।

### विधानका सुझाबलाई समेट्दै नेताहरू

कांग्रेसको प्रस्तावित विधानमा नेतहरूले धारणा राखिरहँदा पार्टीका शीर्ष नेताहरू सहमतिमै विधानको मस्यौदा बनाउन जुटिरहेका छन्। सभापति शेरबहादुर देउवानिकटका नेताहरू उपसभापति विमलेन्द्र निधि, मस्यौदा समितिका संयोजक पूर्णबहादुर खड्का, नेता रामचन्द्र पौडेल, डा.मिनेन्द्र रिजालसहितका नेताहरू बैठकमा उठेका सुझाबलाई समेट्दै सहमतिमा मस्यौदालाई अन्तिम रूप दिन लागेको सभापतिनिकटका एक नेताले जानकारी दिए।

### गच्छदारको पार्टी बल्ल व्यवस्थापन हुँदै

२९ असोज ०७४ मा विजयकुमार गच्छदारले नेतृत्व गरेको तत्कालीन नेपाल लोकतान्त्रिक फोरमसँगको एकता प्रक्रियाका बाँकी कामलाई कांग्रेसले अघि बढाउने भएको छ। कांग्रेसको सांगठनिक संरचनामा तत्कालीन नेपाल लोकतान्त्रिक फोरमका पार्टीगत संरचना एवं भ्रातृ र शुभेच्छुक संघसंस्थाको समायोजन सम्बन्धमा विमलेन्द्र निधिको संयोजकत्वमा सदस्य मनोनित गरिएको छ। समितिका सदस्यहरूमा उपसभापति गच्छदार एवं केन्द्रीय सदस्यद्वय महेश आचार्य र दीपक गिरी छन्। समायोजनको प्रतिवेदन बनाई कार्यसमितिमा पेस गर्न समितिलाई यसअघि नै जिम्मा दिइएको थियो।

### तस्बिर च्यातिएकोमा आपत्ति

कञ्चनपुरकी बालिका निर्मला पन्तको बलात्कारपछि भएको हत्याको दोषी खोजी गर्दै न्यायको माग गरेर प्रकाशित गरिएका उनको तस्बिर अंकित पोस्टरहरू प्रहरी लगाई च्यातिएको घटनालाई कांग्रेसले भर्त्सना गरेको छ। विनाहातहतियार शान्तिपूर्ण भेला र प्रदर्शन गर्न सक्ने संविधानप्रदत्त अधिकारमाथिको प्रहरीले हस्तक्षेप ठहर कांग्रेसको छ। प्रधानमन्त्रीको तस्बिर सहरमा सजाउन मिल्ने, तर न्यायको माग गर्दै एक बालिकाको तस्बिर टाँस्दा च्यात्तिने र समर्थकहरू पक्राउ पर्ने घटनाप्रति कांग्रेसले आपत्ति व्यक्त गरेको छ। यथाशीघ्र निर्मला पन्त प्रकरणका दोषीलाई कारबाहीको कठघरामा ल्याउन कांग्रेसले सरकारसमक्ष माग गरेको छ। निर्मलालाई न्याय दिलाउँदै समग्र नेपाली महिलाको अस्मिता रक्षा गर्ने प्रश्नमा सरकार असफल रहने हो भने यही मुद्दालाई लिएर कडा संघर्षका कार्यक्रम सार्वजनिक गर्ने चेतावनी कांग्रेसले दिएको छ।

# पूर्वमन्त्री पाण्डेसहित २१ विरुद्ध आठ अर्बको भ्रष्टाचार मुद्दा

नयाँ पत्रिका
काठमाडौं, २१ मंसिरमा

सिक्टा सिँचाइ आयोजनामा भ्रष्टाचार भएको ठहर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १६ जना कर्मचारी तथा पाँच ठेकेदार कम्पनीविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गरेको छ। ठेकदारका रूपमा सो भ्रष्टाचार प्रकरणमा पूर्वमन्त्री तथा राप्रपा नेता विक्रम पाण्डेलाई समेत प्रतिवादी बनाइएको छ।

अनुसन्धान थालेको पाँच महिनामा आयोगले शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको हो। परार्मदाता, ठेकेदार र कर्मचारीको मिलेमतोमा आयोजनामा भ्रष्टाचार भएकाले त्यसमा आबद्ध सबैविरुद्ध मुद्दा दायर गरिएको आयोगका प्रवक्ता रामेश्वर दंगालले बताए। सिक्टाको मूल नहर भत्किएपछि अख्तियारले विशेष टोली बनाएर अनुसन्धान गरेको हो।

### साढे आठ अर्बको बिगो दाबी

आयोगले २१ मध्ये १३ जनासँग बिगो दाबी गरेको छ। सबैजनासँग गरेर आठ अर्ब ५९ करोड ८८ लाख ३१ हजार ४२२ रुपैयाँ बिगो माग गरेको छ। पाँच कर्मचारी र ठेकेदार तथा परामर्शदाता कम्पनीका तीन प्रतिनिधिविरुद्ध बिगोदाबी गरिएको छैन। आयोगले चार आयोजना प्रमुख र १२ सिनियर डिभिजन इन्जिनियरविरुद्ध मुद्दा दायर गरेको हो। मुद्दा दायर भएका आयोजना प्रमुखहरूमा सर्वदेव प्रसाद, सरोजचन्द्र पण्डित, दिलीपबहादुर कार्की र रमेश बस्नेत छन्। जसमध्ये पण्डितलाई पछिल्लो समय सिँचाइ विभागकै जिम्मेवारी दिइएको थियो।

आयोजना प्रमुखमध्ये प्रसादले भुक्तानी नदिएकाले बिगोदाबी गरिएको छैन। अन्य आयोजना प्रमुखमध्ये पण्डितसँग ५९ करोड ३४ लाख ५२ हजार ५९४ रुपैयाँ, कार्कीसँग एक अर्ब ५६ करोड ८२ लाख ८३ हजार १९९ सय, बस्नेतविरुद्ध दुई अर्ब १३ करोड ७६ लाख ७९ हजार नौ२० रुपैयाँ बिगो दाबी माग गरिएको छ।

सिडिई मीनराज ढकालविरुद्ध बिगोदाबी गरिएको छैन। सिडिईहरू सूर्यदेव थापा र यागेन्द्र मिश्रविरुद्ध जनही २७ करोड २२ लाख ५९ हजार ३३१, श्यामबहादुर कार्कीविरुद्ध ५२ करोड ३६ लाख ६५ हजार १५०, सुशीलचन्द्र देवकोटाविरुद्ध ५८ करोड ५९ लाख २४ हजार ७१९, कृष्णप्रसाद सुवेदीविरुद्ध १७ करोड आठ लाख ४३ हजार, प्रेमराज घिमिरेविरुद्ध १० करोड ४० लाख १५ हजार, वीरसिंह धामीविरुद्ध ११ करोड ८५ लाख ५९ हजार र प्रकाशकुमार कार्कीविरुद्ध नौ करोड एक लाख ५२ हजार ७५३ रुपैयाँ बिगो दाबी गरिएको छ। सिँचाइ विभागबाट आयोजनाको अनुगमनको जिम्मेवारी पाएका इन्जिनियरहरू कमलप्रसाद रेग्मी, रविनाथबाबु श्रेष्ठ र आशीषभद्र खनालविरुद्ध बिगोको मागदाबी नलिई मुद्दा दायर गरिएको छ। कर्मचारीविरुद्ध दुई वर्ष कैद र बिगो बराबर जरिवानाको माग गरिएको छ।

### पाण्डेविरुद्ध दुई अर्ब बिगो

मूल नहर बनाउने ठेक्का पाएका पूर्वमन्त्री तथा सिटिसिआई/कालिका कन्स्ट्रक्सन जेभीका प्रमुख विक्रम पाण्डेविरुद्ध दुई अर्ब १३ करोड ७६ लाख ७९ हजार ९२० रुपैयाँ बिगो दाबी गरिएको छ। उनको कम्पनीका प्रतिनिधि युवराज क्षेत्रीलाई बिगो माग नगरी प्रतिवादी बनाइएको छ।

त्यस्तै, आयोजनामा परामर्शदाता कम्पनी एमएस इआरएमसी-आइटिडिसिओ नेपाल जेभीका प्रबन्धक निर्देशक उद्धवराज चौलागाईंविरुद्ध दुई करोड ४० लाख ५५ हजार ८७२ रुपैयाँ बिगो दाबी गरिएको छ। उनका कम्पनीका प्रतिनिधिहरू हेमनिधि शर्मा र अरुणकुमार चौधरीविरुद्ध समेत मुद्दा दायर गरिएको आयोगका प्रवक्ता रामेश्वर दंगालले बताए। नहर भत्कँदा पनि आयोजनाले ठेकदार कम्पनीलाई कारबाही नगरेको समेत आरोपपत्रमा उल्लेख छ।

# थप ६ राजदूत नियुक्ति गर्ने सरकारको तयारी

नयाँ पत्रिका
काठमाडौं, २१ मंसिर

सरकारले थप ६ कूटनीतिक मिसनमा राजदूत नियुक्तिको तयारी गरेको छ। अब बस्ने मन्त्रिपरिषद् बैठकले विभिन्न ४ देश र दुई संयुक्त राष्ट्रसंघीय मिसनमा राजदूत/स्थायी प्रतिनिधि नियुक्तिको सिफारिस गर्ने भएको छ। परराष्ट्र मन्त्रालयले परराष्ट्रसेवाका ६ जना सहसचिवको नाम मन्त्रिपरिषद्मा बुझाइसकेको छ।

कूटनीतिक स्रोतका अनुसार सहसचिव दीपक अधिकारीलाई फ्रान्स, भृगु ढुंगानालाई क्यानाडा, गणेशप्रसाद ढकाललाई थाइल्यान्ड, दुर्गाप्रसाद भन्डारीलाई कुबेत र मणि भट्टराईलाई जेनेभास्थित संयुक्त राष्ट्रसंघीय नियोगको स्थायी प्रतिनिधि सिफारिस गर्ने तयारी छ। सिफारिस भएका मध्ये अधिकारी प्रमुख शिष्टाचार महापाल हुन् भने ढुंगाना र ढकाल क्रमशः परराष्ट्रको दक्षिण एसिया र उत्तरपूर्वी एसिया महाशाखा प्रमुख छन्। यसैगरी, भट्टराई प्रशासन महाशाखा प्रमुख छन् भने भण्डारी पश्चिम एसिया महाशाखा प्रमुख हुन्।

### न्युयोर्कमा राई जाँदै

सरकारले न्युयोर्कस्थित राष्ट्रसंघीय मिसनको स्थायी प्रतिनिधिमा सहसचिव अमृतबहादुर राईलाई सिफारिस गर्न लागेको छ। उनी यसअघि दक्षिण अफ्रिकाका लागि नेपाली सिफारिस थिए। सरकारको निर्णयअनुसार उनी मन्त्रालय फिर्ता भइसकेका छन्। यसअघि परराष्ट्रका वरिष्ठतम भरतराज पौड्याललाई न्युयोर्क सिफारिस गर्न लागिएको थियो। तर, पौड्याललाई परराष्ट्रको भावी नेतृत्व दिन सरकारले सिफारिस नगरेको बुझिएको छ। परराष्ट्र सचिव शंकरदास बैरागीलाई मुख्यसचिव बनाउने र पौड्याललाई परराष्ट्र सचिव बनाउने गरी यस्तो निर्णय लिइएको प्रधानमन्त्रीनिकट स्रोतले बताएको छ।

यसअघि सिफारिस भएका भारतका लागि राजदूत नीलाम्बर आचार्य, युएईका कृष्ण ढकाल, मलेसियाका उदयराज पाण्डे र इजरायलका लागि अन्जान शाक्यको संसदीय सुनुवाइ आइतबार हुने तय भइसकेको छ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
**Road Division Palpa**

**INVITATION FOR BIDS**

**Notice Number: 02-RDPLP-2075/76**
**First Date of Publication: 2075/08/22 (December 8, 2018)**

1. The Department of Roads, Road Division, Palpa on behalf of Ministry of Physical Infrastructure and Transport, Government of Nepal now invites sealed quotation or electronic quotation and/ or Sealed Bids in electronic form from eligible bidders for following works.

| S. N. | Contract No. | Description of Works/ Name of Roads | Estimate Amount Excluding VAT & PS | Bid document Cost | Bid Validity Period | Bid Security Amount & Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | DROPLP-3071084-2075/76-07 | Roadway Excavation, Side Drain, Retaining and Cross Drainage Structure Works in Sarwottam Cement Quarry Site Access Road [Dobhan- Khursane- Palung-mainadi Road]. | NRs 84,45,773.87 | NRS 3,000 | 90 days | NRs 275,000/- Up to May 8, 2019 |
| 2 | DROPLP-3071084-2075/76-08 | Roadway Excavation, Side Drain, Slide Clearance & Structural Works in Arghakhachhi Cement Quarry Site Access Road [Khursane Kachal Road]. | NRs 1,69,48,550.79 | NRS 3,000 | 90 days | NRs 560,000/- Up to May 8, 2019 |
| 3 | DROPLP-3071084-2075/76-09 | Retaining Structure and Cross Drainage Works in Palpa Cement Quarry Site Access Road. | NRs 1,26,11,389.90 | NRS 3,000 | 90 days | NRs 415,000/- Up to May 8, 2019 |
| 4 | DROPLP-3071084-2075/76-10 | Retaining Structures, Cross Drainage Works and Sub-base Works in BA Cement Quarry Site Access Road [Ch 0+000km to 4+000 km]. | NRs 84,63,445.09 | NRS 3,000 | 90 days | NRs 275,000/- Up to May 8, 2019 |
| 5 | DROPLP-3071084-2075/76-11 | Retaining Structures and Cross-Drainage Structures in CG Cement Quarry Site Access Road [Ch 0+000 to 17+000 km]. | NRs 1,69,25,843.02 | NRS 3,000 | 90 days | NRs 560,000/- Up to May 8, 2019 |
| 6 | DROPLP-3071084-2075/76-12 | Roadway Excavation, Retaining Structures and Cross Drainage Works in Jagadamba Cement Quarry Site Access Road [Ch 0+000 to 7+000 km]. | NRs 1,12,95,968.72 | NRS 3,000 | 90 days | NRs 375,000/- Up to May 8, 2019 |
| 7 | DROPLP-3071084-2075/76-13 | Roadway Excavation, Retaining Structures and Cross Drainage Works in Siddhartha Minerals Quarry Site Access Road. | NRs 84,68,955.93 | NRS 3,000 | 90 days | NRs 275,000/- Up to May 8, 2019 |
| 8 | DROPLP-3071084-2075/76-14 | Retaining Structures, Side Drain Works and Rigid Pavement Works in Butwal Cement Quarry Site Access Road [Jhumsa Laduwa Marek Road; Ch 1+000 km to 5+000km]. | NRs 1,69,04,525.76 | NRS 3,000 | 90 days | NRs 560,000/- Up to May 8, 2019 |

2. A complete set of bidding documents may be purchased from **Road Division, Palpa or District Treasury Controller Office, Tansen, Palpa** by eligible Bidders upon the submission of a written application attaching duly attested copies of Bidder's registration, VAT registration and tax clearance certificate upto FY 2073/74 and payment of a non-refundable fee as mentioned above **within office hours on or before January 07, 2019.** ***For the purpose of bidders who choose to submit their bid electronically through e-procurement section (EGP-II) of PPMO's website*** **www.bolpatra.gov.np/egp**, ***the bidders may purchase the hard copy of bidding documents, or may choose to download the necessary part of bidding documents, prepare their bid and submit their electronic bids as specified in the instructions to the bidders. In case the bidder chooses to download and submit their bid electronically, the bidder shall be required to deposit the non-refundable fee as specified above in revenue account specified below and electronic scanned copy (*.pdf format) of the bank deposit voucher shall also be submitted along with the electronic bid files.***
***Information for depositing the cost of bidding document in Bank:***
*Name of Bank* : **Rastriya Banijya Bank, Palpa Branch** *Office Code No.* : **3370250002**
*Bank Account no.* : **1000200010000** *Rajaswa (Revenue) Shirshak No.* : **14229**
3. Sealed Bids must be delivered to the Office of **Road Division, Palpa at 12:00 hours** on or before **January 08, 2019**. Alternatively, Domestic Bidders may submit their bid electronically through E-procurement section (EGP-II) in PPMO's website **www.bolpatra.gov.np/egp** before the above stated deadline and as specified in the Instructions to Bidders. Late bids will be rejected and will not be opened.
4. Sealed Bids will be opened physically and electronically in the presence of Bidders' representatives who choose to attend at **13:00 hours, January 08, 2019** at the **office of Road Division, Palpa.**
5. All bids shall be accompanied by a Bid Security for the amount as specified in the table above. Bidders are required to submit a separate bid security for each contract for which they submit bids. Bids shall be valid for the period as mentioned in the table above after the deadline for Bid submission and Bid security shall be valid up to the period as mentioned in the table above.
6. If bidder wishes to submit Bid Security in the form of cash, the cash should be deposited in **Deposit account no. 3030203000000, at Rastriya Banijya Bank, Tansen, Palpa** on the account of **District Treasury Controller Office, Palpa on behalf of Road Division, Palpa** and submit the receipt of the deposited amount of cash along with the sealed bid.
7. Pre-bid meeting shall be held at **11:00 hrs on December 28, 2018** at Road Division, Palpa.
8. Any conditions so far not covered shall be as per Procurement Act 2063 (Latest Revision) and Procurement Regulation 2064 (Latest Revision).
9. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Road Division, Palpa or** ***may visit PPMO's website*** **www.bolpatra.gov.np/egp** ***e-procurement section (EGP-II).***

**Division Chief**

# डाँका मुद्दामा फरार लिम्बूलाई गोली हानी पक्राउ

टेकराज थामी/नयाँ पत्रिका
काठमाडौं, २१ मंसिर



प्रहरीले डाँका घटनामा फरार सुनसरी इटहरी–५ का ४६ वर्षीय राजन लिम्बूलाई गोली प्रहार गरी नियन्त्रणमा लिएको छ। महानगरीय प्रहरी अपराध अनुसन्धान महाशाखाबाट खटिएको प्रहरी टोलीले शुक्रबार उनलाई रातोपुलस्थित धोबीखोला करिडोरमा गोली प्रहार गरेको हो। तिघ्रामा गोली लागेका उनको वीर अस्पतालस्थित ट्रमा सेन्टरमा उपचार भइरहेको छ।

### प्रहरीमाथि नै फायर गर्न खोज्दा गोली प्रहार

पेस्तोलसहित सडकमा देखापरेका उनले प्रहरीलाई नै फायर गर्न खोजेपछि गोली प्रहार गरिएको प्रहरीको दाबी छ। महाशाखा प्रमुख एसएसपी धीरजप्रताप सिंहले विभिन्न ६ वटा डाँका मुद्दामा फरार लिम्बूले प्रहरीलाई गोली प्रहार गर्न खोजेको बताए। 'डाँका मुद्दामा उनको खोजी भइरहेको थियो। साथी भेट्न ऊ काठमाडौं आएको सूचना प्राप्त भयो। यही क्रममा शुक्रबार रातोपुल क्षेत्रमा देखियो। प्रहरीले पिछा गरेको सुइँको पाएपछि यो भाग्न खोज्यो। प्रहरीले लखेट्दा पेस्तोल झिकेर फायर खोल्न खोजेपछि गोली प्रहार गर्नुपर्‍यो,' उनले भने।

प्रहरीले घटनास्थलमा एक थान चाइनिज पेस्तोल र चार राउन्ड गोली बरामद गरेको छ। प्रहरीका अनुसार उनले गत बुधबार इटहरीचोकस्थित एक्टिभ मनी ट्रान्सफरबाट तीन लाख रुपैयाँ लुटेका थिए। ट्रान्सफरका सञ्चालक सविन दाहाललाई छुरा प्रहार गरी रकम लुटी उनी फरार थिए।

### १३ वर्षदेखि निरन्तर डकैती

प्रहरीको अनुसन्धानले लिम्बू विगत १३ वर्षदेखि निरन्तर डकैतीमा संलग्न रहेको देखिएको छ। प्रहरीका अनुसार उनीसहितको ६ समूहले २ कात्तिक ०६२ मा सन्तोष लिम्बू र पासाङ लिम्बूलाई हतियार देखिएर नियन्त्रण लिई डकैत गरेका थिए। ३० साउन ०६३ मा रविन राईलाई काठमाडौंको एक गेस्टहाउसबाट हतियार देखाएर नियन्त्रण गरी ८६ हजार पाँच सय रुपैयाँ लुटेका थिए।

२१ भदौ ०६३ मै उनको समूहले काठमाडौंका एक गेस्ट हाउसको काउन्टरबाट तीन लाख ६१ हजार एक सय रुपैयाँ डकैत गरेको थियो। २० भदौ ०६३ मा कृष्णबहादुर मगरले सञ्चालन गरेको रोवल को–अपरेटिभबाट उनको समूह ११ लाख ३० हजार ९२२ रुपैयाँ लुटेर फरार भएको थियो। १५ फागुन ०७३ मा झापाको काँकडभिट्टामा पूर्णबहादुर लुंगेली मागर र जीवन लघुविद्युत् संस्थाका कर्मचारीलाई पेस्तोल देखाई १० हजार रुपैयाँ लुटेका थिए। सो संस्थामा कारोबार गर्न आएका वीरबहादुर प्रधानलाई पनि पेस्तोल देखाई ९० हजार रुपैयाँ लुटेका थिए।

### डकैतीको रकम गर्लफ्रेन्ड बनाउन खर्च

प्रहरीका अनुसार लिम्बूले डकैतबाट कमाएको रकम गर्लफ्रेन्ड बनाउन खर्चने गरेका थिए। १३ वर्षदेखि निरन्तर डकैतमा रहेका उनका ६ जना गर्लफ्रेन्ड छन्। त्यसमध्ये दुईवटीलाई श्रीमती नै बनाएर राखेका छन्। एउटी कोरिया र अर्की काठमाडौंमा राखेका छन्। अरू दुईजनालाई आफूलाई पायक पर्ने स्थानमा राखेका छन्। प्रहरीका अनुसार डकैतपछि उनी रमाइलो गर्न काठमाडौंमा डिस्को तथा बार जाने गर्थे। सोही स्थानमा भेटिएका युवतीलाई डकैतबाट आर्जन गरेको रकम खर्चन्थे। 'उसको गर्लफ्रेन्ड नै ६–७ जना रहेको देखिन्छ। त्यसमध्ये दुईवटी त श्रीमती नै छन्। अनुसन्धान चलिरहेको छ बाँकी त्यसपछि खुल्ला,' महाशाखाका एसपी सोमेन्द्रसिंह राठौरले भने।

## नेकपाको सचिवालय बस्दै

काठमाडौं/ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले शनिबार केन्द्रीय सचिवालयको बैठक बोलाएको छ। शुक्रबार बोलाइएको बैठक अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी ओलीको व्यस्तताले स्थगित गरिएको थियो।

यसअघिको सचिवालय बैठकले गत १२ गते प्रदेश कमिटीको एकीकरण टुंगो लगाएपछि सदस्यहरूको सूची सार्वजनिक भएको थियो। शनिबार भने केन्द्रीय सदस्यहरूको कार्यविभाजन, पोलिटब्युरो गठन, जिल्ला र जनसंगठनको एकीकरण, सरकारको कामको समीक्षालगायत विषयमा बैठकमा छलफल हुने नेकपाले जनाएको छ।

## पूर्वडिएसपीविरुद्ध मुद्दा दायर

काठमाडौं/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारी गाडीमा काठ तस्करीको आरोपमा पूर्वडिएसपीविरुद्ध मुद्दा दायर गरेको छ। सशस्त्र प्रहरी बल, नेपाल अरुण गुल्म चैनपुर संखुवासभाका तत्कालीन प्रमुख डिएसपी रामप्रसाद भण्डारीविरुद्ध आयोगले बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको हो। उनले आफ्नै गाडीमा राखेर काठ तस्करी गरिरहेको अवस्थामा गत वर्ष धनकुटामा काठ बरामद भएको थियो। सशस्त्र प्रहरीले आन्तरिक छानबिन गरी उनलाई सेवाबाट बर्खास्त गरिसकेको छ।

आहाले–सिस्ने–सल्लेरी सामुदायिक वन उपभोक्ता समितिले गुल्म परिसरभित्र भौतिक संरचना निर्माण गर्न ५० क्युफिट सखुवा काठ उपलब्ध गराएको थियो।

## मेडिसिटीमा थाइराइड तालिम

काठमाडौं/ नेपालमा पहिलोपटक चिकित्सकहरूलाई थाइराइडसम्बन्धी तालिम सुरु भएको छ। नेपाल मेडिसिटी अस्पताल, डिम संस्था र भारतको पब्लिक हेल्थ फाउन्डेसनको सहकार्यमा नेपालका चिकित्सकलाई थाइराइडसम्बन्धी तालिम दिइएको हो।

दुई दिनसम्म चल्ने तालिममा नेपालका ४० चिकित्सक सहभागी रहेको आयोजक संस्थाका अभिमन्युकुमार सिंहले जानकारी दिए। उनका अनुसार नेपालका युवा चिकित्सकको क्षमता वृद्धि गर्न तालिम आयोजना गरिएको हो।

करिब ११ प्रतिशत नेपालीमा कुनै न कुनै प्रकारको थाइराइड भएको चिकित्सकको अनुमान छ। उपचारमा गुणस्तर कायम गर्न तालिमले ठूलो भूमिका खेल्ने सहभागीले बताएका छन्। तालिममा नाक, कान, घाँटी रोग विशेषज्ञ, सर्जन, फिजिसियन र एनेसथेसियाका चिकित्सक सहभागी छन्।